नेपाल सरकार

शहरी विकास मन्त्रालय

पदाधिकारी सिफारिस समितिको सचिवालय

प्रथम पटक प्रकाशन मितिः २०८०।०४।२३

यस मन्त्रालय सम्बद्ध राष्ट्रिय आवास कम्पनी लिमिटेडको महाप्रबन्धक पद खुला प्रतियोगिताबाट पूर्ति गर्नुपर्ने भएकोले राष्ट्रिय आवास कम्पनी लिमिटेडको नियमावली, २०७५ (संशोधन सहित) नियम ३६ को उपनियम (३क) क मा उल्लेखित देहाय बमोजिमको योग्यता र "शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६" बमोजिम यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समय भित्र तोकिए बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ ।

१. आवश्यक योग्यताः

मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उत्तीर्ण गरेको

२. पारिश्रमिक तथा सुविधाहरूः

नेपाल सरकारबाट तोकिए बमोजिम

३. दरखास्त फाराम साथ संलग्न राख्नुपर्ने कागजातहरूः

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. शैक्षिक प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि

ग. राष्ट्रिय आवास कम्पनी लिमिटेडको सुधारको व्यावसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम ।

घ. व्यक्तिगत विवरण

ङ. अनुभव खुल्ने कागजातहरूको प्रमाणित प्रतिलिपि (सम्बन्धित क्षेत्रको अनुभव भन्नाले कुनै पनि संगठित संस्था वा कम्पनीमा प्रमूख वा सदस्य वा व्यवस्थापक भै कार्य गरेको)

**नोटः** दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ । फारामको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ०४२११८७६) मा सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारी मन्त्रालयको वेबसाइट www.moud.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

**द्रष्टव्यः** व्यावसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्दा तोकिने छ ।

२०८०।४।२२

अनुसूची- २

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

नियुक्त वा मनोनयन हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्त/प्रतिबद्धता पत्रको ढाँचा

शहरी विकास मन्त्रालय अन्तर्गत तथा सम्बद्ध निकायको सार्वजनिक निकायको देहायको पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो प्रतिबद्धता पत्र पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

१. नियुक्त वा मनोनयन हुन चाहेको सार्वजनिक निकायको नाम:

२. नियुक्त वा मनोनयन हुन चाहेको पद:

३. प्रतिबद्धता पेश गर्ने व्यक्तिको,-

(क) व्यक्तिगत विवरण

नाम थर:

नागरिकता नं. र नागरिकता जारी जिल्ला:

स्थायी ठेगाना:

अस्थायी ठेगाना:

जन्म मिति:

सम्पर्क नं.

इमेल:

(ख) शैक्षिक योग्यताको विवरण:

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ग) अनुभव:

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |

नेपाल सरकार शहरी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(घ) लेख रचना तथा अन्य प्रकाशन

| क.सं. | लेखरचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ङ) अन्य केही खुलाउनु पर्ने भए:

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(च) संलग्न कागजात तथा विवरण:

(१) नागरिकताको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण,

(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) अन्य आवश्यक कागजात।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

दस्तखत: ..................................

मिति: ..................................

३३. संचालक समितिको काम, कर्तव्य र अधिकारहरू : (१)♣ कम्पनीको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

(५) ♣नियम ३४ बमोजिम संचालक समितिमा रहेको अधिकार प्रत्यायोजन गर्ने ।

(६) ♥नेपाल सरकार वा अन्य निकायको परामर्श एवं स्वीकृति लिनु पर्ने भए सो समेत लिई कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, आर्थिक विनियमावली तथा कारोवार सम्बन्धी अन्य विनियमावली बनाई लागु गर्ने ।*......................।

(७) शेयरधनिहरूले शेयर बापत बुझाउन बाँकी रकमको♣ भुक्तानी माग गर्न व्यवस्थापनलाई निर्देशन दिने ।

(८) कम्पनीको कोषमा रहेको रकम♣ ऋण दिन वा लगानी गर्न स्वीकृति दिने ।

(९)♣ नियमानुसार कम्पनीले ऋण दिने लिने स्वीकृति प्रदान गर्ने ।

३६. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था:

(३)* ..................................................................।

♥(३क) महा-प्रबन्धकको पदमा नियुक्त हुनको लागि देहाय बमोजिमको योग्यता, आवश्यक पर्नेछन :

(क) कम्तीमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको ।

(ख) प्रचलित कानुन बमोजिम भष्ट्राचारको कसुर प्रमाणित नभएको,

(ग) नैतिक पतन देखिने, फौजदारी अभियोगमा सजाय नभएको,

(घ) ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(च) अन्य योग्यता ऐन, नियम र प्रचलित कानुन बमोजिम हुने छ ।

♥(३ख) ऐन तथा यस नियमावलीको अधिनमा रहि महा-प्रबन्धकको काम, कर्तव्य, जिम्मेवारी, अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) कम्पनीको दैनिक प्रशासनिक कार्यहरू संचालन गर्ने,

(ख) कम्पनीको कर्मचारी प्रशासन सम्बन्धी कार्यहरू संचालन गर्ने,

(ग) कम्पनीको आर्थिक प्रशासन सम्बन्धी कार्यहरू संचालन गर्ने,

(घ) कम्पनीको वित्तीय प्रशासन सम्बन्धी कार्यहरू संचालन गर्ने,

(ङ) साधारणसभा तथा संचालक समितिले गरेको निर्णयहरू कार्यान्वयन गर्ने/गराउने,

(च) साधारण सभाको सुचना पठाउने तथा साधारणसभाको बैठकको निर्णयहरू अद्यावधिक अभिलेख राख्ने,

(छ) संचालक समितिको सदस्य सचिव भई कार्य गर्ने,

(ज) कम्पनीको उद्देश्य प्राप्तीका लागि अन्य आवश्यक सबै प्रकारका व्यवस्थापकीय कार्यहरु गर्ने ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

♥ पहिलो संशोधनद्वारा थप ।